गैंडाकोट नगरपालिका

स्थानीय राजपत्र

गैंडाकोट नगरपालिकाद्धारा प्रकाशित

खण्ड : ५ संख्या : १ मिति : २०७९/०३/०८

भाग-१

नेपालको संविधान बमोजिम गैंडाकोट नगर सभाले बनाएको तल उल्लेख भए बमोजिमको ऐन सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

गैंडाकोट नगरपालिका शिक्षा ऐन, २०७९

नगरसभाबाट स्वीकृत मिति : २०७९/०३/०८

प्रस्तावना :
नेपालको संविधान २०७२ ले प्रत्याभूत गरेको स्थानीय सरकारको शिक्षा सम्बन्धी अधिकार कार्यान्वयन गर्न र गैंडाकोट नगरपालिका क्षेत्र भित्र स्थापना हुने तथा स्थापना भई सञ्चालनमा रहेका शिशुस्याहार केन्द्र र आधारभूत तथा माध्यमिक विद्यालयहरुको सञ्चालन, व्यवस्थापन तथा नियमन गर्ने कार्यलाई सुव्यवस्थित गरी शिक्षाको पहुँच र गुणस्तरीयता सुनिश्चित गर्न नेपालको संविधानको धारा २२६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी गैंडाकोट नगरपालिकाको नगर सभाले यो ऐन निर्माण गरेको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यस ऐनको नाम "गैंडाकोट नगरपालिका शिक्षा ऐन, २०७९" रहेकोछ ।
(२) यो शिक्षा ऐन गैंडाकोट नगरपालिका क्षेत्रभर लागु हुनेछ ।
(३) यो शिक्षा ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस शिक्षा ऐनमा :
(क) "अभिभावक भन्नाले" विद्यालयमा अध्ययनरत विद्यार्थीको अभिभावक भनी विद्यालयको अभिलेखमा जनिएको एकाघरको व्यक्ति सम्झनु पर्छ र सो शब्दले विद्यार्थीको बाबु/आमा/बाजे/बज्यै/दाजु/भाउजु र त्यस्तो

अभिभावक नभएको विद्यार्थीको हकमा उक्त विद्यार्थीलाई संरक्षकत्व प्रदान गर्ने कानुनी रुपमा मान्यता प्राप्त व्यक्तिलाई जनाउँदछ ।

(ख) "आधारभूत तह शिक्षा" भन्नाले बाल कक्षादेखि कक्षा ८ सम्म प्रदान गरिने शिक्षा भन्ने सम्झनु पर्दछ ।

(ग) "आधारभूत तह शिक्षा परीक्षा समिति" भन्नाले दफा (१०) को उपदफा (३) बमोजिम गठन हुने समितिलाई सम्झनुपर्छ ।

(घ) "आयोग" भन्नाले नेपाल सरकारको कानून वमोजिम गठन भएको शिक्षक तथा कर्मचारीहरूको नियुक्ति तथा बढुवा सिफारिश समेत गर्ने प्रयोजनका लागि गठित शिक्षक सेवा आयोग सम्झनुपर्छ ।

(ङ) "ऐन" भन्नाले गैंडाकोट नगरपालिका शिक्षा ऐन, २०७९ लाई सम्झनुपर्छ ।

(च) "कर्मचारी" भन्नाले विद्यालयमा कार्यरत शिक्षण कार्य बाहेकका अन्य कार्यमा संलग्न कर्मचारीलाई सम्झनुपर्छ ।

(छ) "कार्यपालिका" भन्नाले गैंडाकोट नगरपालिकाको कार्यपालिकालाई सम्झनुपर्छ ।

(ज) "खुला वा वैकल्पिक विद्यालय" भन्नाले नियमित रुपमा विद्यालयमा गई अध्ययन गर्न असमर्थ वर्गलाई शिक्षाको पहुँच भित्र ल्याउन स्थापना गरिएको अनुमति वा स्वीकृति प्राप्त विद्यालय सम्झनुपर्छ ।

(झ) "तोकिएको वा तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेका नियम, निर्देशिका, कार्यविधि र मापदण्डमा तोकिए वा तोकिए बमोजिक सम्झनु पर्छ ।

(ञ) "धार्मिक विद्यालय" भन्नाले आफ्नो भाषा, धर्म तथा संस्कृतिक मान्यताहरुलाई प्रबर्द्धन गर्न अनुमति वा स्वीकृति प्राप्त गुरुकुल, आश्रम, गुम्बा, विहार, मदरसा जस्ता धार्मिक प्रकृतिको विद्यालय सम्झनुपर्छ ।

(ट) "नगरपालिका" भन्नाले नेपालको संविधान बमोजिम गठन भएको गैंडाकोट नगरपालिका सम्झनुपर्छ ।

(ठ) "नगर शिक्षा अधिकारी" भन्नाले गैंडाकोट नगरपालिकाको शिक्षा, युवा तथा खेलकूद शाखाको प्रमुख वा प्रमुखको कामकाज गर्न तोकिएको अधिकृत कर्मचारी सम्झनुपर्छ ।

(ड) "परिवार" भन्नाले शिक्षक वा कर्मचारीसँग एकाघरमा बस्ने तथा निज आफैंले पालनपोषण गर्नु पर्ने पति, पत्नी, छोरा, अविवाहिता छोरी, धर्मपुत्र, अविवाहिता धर्मपुत्री, बाबु, आमा वा सौतेनी आमा सम्झनु पर्छ र सो शब्दले पुरुष र अविवाहित महिला शिक्षक वा कर्मचारीको हकमा निजको बाजे, बज्यै तथा विवाहित महिला शिक्षक वा कर्मचारीको हकमा निजको सासू, ससुरालाई समेत जनाउँछ ।

(ढ) "परीक्षा सञ्चालन निर्देशक समिति" भन्नाले दफा (१०) को उपदफा (१) बमोजिम परीक्षा अनुगमन तथा समन्वय गर्न गठित समितिलाई सम्झनुपर्छ ।

(ण) "पूर्व बालविकास केन्द्र/शिशु स्याहार केन्द्र" भन्नाले चार बर्ष उमेर नपुगेका बालबालिकाको लागि खोलिएको प्रारम्भिक बालशिक्षा केन्द्र, मन्टेश्वरी, नर्सरी आदि सम्झनुपर्छ ।

(त) "प्रधानाध्यापक" भन्नाले विद्यालयको शैक्षिक तथा व्यवस्थापकीय नेतृत्व गर्न तोकिएको शिक्षकलाई सम्झनुपर्छ ।

(थ) "प्रमुख" भन्नाले गैंडाकोट नगरपालिकाको प्रमुखलाई सम्झनुपर्छ ।

(द) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले गैंडाकोट नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्छ ।

(ध) "प्राविधिक तथा व्यवसायिक शिक्षा" भन्नाले प्राविधिक ज्ञान, सीप तथा विषयवस्तुको सिकाई गरी प्रविधि र व्यवसायको शिक्षा प्रदान गर्न कक्षा नौ देखि कक्षा बाह्र सम्म अध्यापन गराइने शिक्षालाई सम्झनुपर्छ ।

(न) "बालविकास केन्द्र" भन्नाले चार वर्ष उमेरका बालबालिकालाई विद्यालयको कक्षा १ मा भर्ना हुन योग्य बनाउन विद्यालय भित्र वा वाहिर १ वर्षको बाल कक्षा सञ्चालन गर्ने केन्द्रलाई सम्झनुपर्छ ।

(प) "माध्यमिक तह शिक्षा" भन्नाले कक्षा ९ देखि कक्षा १२ सम्म प्रदान गरिने शिक्षा भन्ने सम्झनु पर्दछ ।

(फ) "व्यवस्थापन समिति" भन्नाले दफा (१३) बमोजिम गठन हुने विद्यालय व्यवस्थापन समिति सम्झनुपर्छ ।

(ब) "विद्यालय" भन्नाले यस ऐन अनुसार आधारभूत र माध्यमिक तहको छुट्टा छुट्टै तथा दुवै तहको शिक्षा प्रदान गर्न सञ्चालन भएका सामुदायिक, संस्थागत, धार्मिक, खुला वा वैकल्पिक विद्यालयलाई सम्झनु पर्दछ ।

(भ) "विद्यालय सञ्चित कोष" भन्नाले दफा (२४) को उपदफा (५) वमोजिमको विद्यालय सञ्चालनका लागि खडा गरिएको कोषलाई सम्झनुपर्छ ।

(म) "विशेष शिक्षा" भन्नाले दृष्टिविहीन, बहिरा, अटिज्म, बौद्धिक अपाङ्गता, सुस्त श्रवण वा अति अशक्त शारीरिक अपाङ्गता भएका बालबालिकालाई छुट्टै समूहमा राखी विशेष प्रकार र निश्चित माध्यमबाट दिईने शिक्षा सम्झनुपर्छ ।

(य) "शाखा" भन्नाले गैंडाकोट नगरपालिकाको शिक्षा, युवा तथा खेलकूद शाखालाई सम्झनुपर्छ ।

(र) "शिक्षा अधिकृत" भन्नाले शिक्षा, युवा तथा खेलकूद शाखामा कामकाज गर्न तथा विद्यालय निरीक्षण गर्न तोकिएको शिक्षा सेवाको अधिकृत वा सो काम गर्न तोकिएको अधिकृत स्तरको निरीक्षक कर्मचारीलाई सम्झनुपर्छ ।

(ल) "शिक्षक" भन्नाले विद्यालयको अध्यापक सम्झनु पर्छ र सो शब्दले प्रधानाध्यापक समेतलाई जनाउँदछ ।

(व) "शिक्षा समिति" भन्नाले यस ऐन अनुसार गठित नगर शिक्षा समिति सम्झनुपर्छ ।

(श) "शुल्क" भन्नाले संस्थागत विद्यालयले यस शिक्षा ऐनको व्यवस्था अनुसार विद्यार्थीसँग लिन पाउने शुल्क सम्झनुपर्छ ।

(ष) "शैक्षिक गुठी" भन्नाले विद्यालय सञ्चालन गर्नको लागि कुनै व्यक्तिले नाफा नलिने उद्देश्यले स्थापना गरेको सार्वजनिक वा निजी गुठी सम्झनुपर्छ ।

(स) "शैक्षिक सत्र" भन्नाले विद्यालयमा अध्ययन अध्यापन गराइने वार्षिक अवधि हरेक वर्षको वैशाख १ गते देखि चैत्र मसान्तसम्म सम्झनु पर्छ ।

(ह) "समावेशी शिक्षा" भन्नाले देहायको शिक्षा सम्झनु पर्छ :

(१) दृष्टिविहीन, बहिरा, अटिज्म, बौद्धिक अपाङ्गता, सुस्त श्रवण वा अति अशक्त शारीरिक अपाङ्गता भएका बालबालिकालाई नियमित शैक्षिक पद्धतिको अधिनमा रही दिइने शिक्षा ।

(२) सामाजिक, आर्थिक, वा भौगोलिक कारणले पछाडि परेका व्यक्तिलाई विभेद रहित वातावरणमा दिइने शिक्षा ।

(क्ष) "सामुदायिक विद्यालय" भन्नाले सरकारबाट नियमित रुपमा अनुदान पाउने गरी अनुमति वा स्वीकृति प्राप्त विद्यालय सम्झनुपर्छ ।

(त्र) "सामुदायिक सिकाइ केन्द्र" भन्नाले समुदाय स्तरमा अनौपचारिक सिकाई अन्तर्गत महिला, पिछडिएको वर्गको साक्षरता, सीप बिकास, जीविकोपार्जनका लागि निरन्तर सिकाईको क्षेत्रमा क्षमता विकासका कार्य गर्ने केन्द्रलाई सम्झनुपर्छ ।

(ज्ञ) "संस्थागत विद्यालय" भन्नाले सरकारबाट नियमित रुपमा अनुदान नपाउने गरी अनुमति वा स्वीकृति प्राप्त विद्यालय सम्झनुपर्छ ।

३. विद्यालय खोल्न अनुमति लिनुपर्ने : (१) नगरपालिका वाहेक अन्य कुनै नेपाली नागरिक, समुदाय, संघ संस्थाले विद्यालय स्थापना, कक्षा, तह, धार/विषय थप गर्न चाहेमा सम्बन्धित वडाको सिफारिस सहित तोकिएको ढाँचामा नगरपालिका शिक्षा शाखामा निवेदन दिनुपर्नेछ । त्यसरी निवेदन दिँदा संस्थागत विद्यालय खोल्न चाहनेले सो विद्यालय शैक्षिक गुठी, सहकारी कुन रुपमा सञ्चालन गर्ने हो सो व्यहोरा सहित निवेदनमा खुलाउनु पर्ने छ ।

यस उपदफा अनुसार विद्यालय सञ्चालन गर्न प्रारम्भिक बालविकास केन्द्र देखि अनुमति लिनु पर्नेछ । तर माध्यमिक तहको मात्र विद्यालय सञ्चालन गर्न कक्षा ९ देखि अनुमति लिनु पर्ने छ ।

(२) उपदफा (१) अनुसारको निवेदन प्राप्त भए पछि नगर शिक्षा अधिकारीले निवेदन उपर आवश्यक जाँचबुझ गर्ने/गराउने छ र जाँचबुझ गर्दा विद्यालय खोल्ने अनुमति दिन मनासीव देखिएमा शिक्षा समितिको निर्णय अनुसार नगर शिक्षा अधिकारीले विद्यालय खोल्न तोकिए अनुसारको ढाँचामा अनुमति दिन सक्नेछ ।

(३) उपदफा (२) बमोजिम अनुमति लिई सञ्चालनमा रहेको विद्यालयले तोकिएको शर्त बन्देजहरू पालना तथा पुरा गरेमा नगर कार्यपालिकाले सो विद्यालयलाई स्वीकृति प्रदान गर्नेछ ।

(४) यो ऐन प्रारम्भ हुँदाका बखत कम्पनीको रुपमा सञ्चालनमा रहेका संस्थागत विद्यालयहरुले चाहेमा कम्पनी खारेज गरी शैक्षिक गुठी वा सहकारी अन्तर्गत विद्यालय सञ्चालन गर्न नगरपालिका समक्ष निवेदन दिन सक्नेछन् । सो मनासीब लागेमा शिक्षा समितिले स्वीकृति दिन सक्ने छ ।

(५) उपदफा (२) र (३) मा जुनसुकै कुरा लेखिएको भए पनि देहायका विद्यालयलाई शैक्षिक गुठी वा सहकारीको रुपमा सञ्चालन गर्न अनुमति दिइने छैन :

(क) सार्वजनिक वा सरकारी जग्गा र भवनमा सञ्चालन भएको विद्यालय

(ख) कुनै व्यक्ति वा संस्थाले विद्यालयको नाममा जग्गा वा भवन दान दातव्य दिएर सञ्चालन भएको विद्यालय

(६) (क) शैक्षिक गुठीको रुपमा विद्यालय सञ्चालन गर्न चाहनेले सो सम्बन्धी विधान बनाई नगरपालिकामा दर्ता गराउनु पर्ने छ ।

(ख) शैक्षिक गुठी निजी वा सामुदायिक दुई किसिमले दर्ता गर्न सकिने छ ।

(ग) शैक्षिक गुठी तथा सहकारी अन्तर्गत विद्यालय सञ्चालन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुने छ

(७) निजी वा सामुदायिक तहबाट शिशुस्याहार केन्द्र वा प्रारम्भिक बालशिक्षा केन्द्र खोल्ने अनुमति वा स्वीकृति सम्बन्धी व्यवस्था उपदफा (१) र (२) अनुसार हुने छ ।

(८) सामाजिक परोपकारी वा कल्याणकारी संस्थाले मुनाफा नलिने उद्देश्य राखी गुरुकुल, आश्रम, गोन्पा, विहार, मदरसा जस्ता धार्मिक प्रकृतिको विद्यालय सञ्चालन गर्न चाहेमा तोकिएको प्रक्रिया पुरा गरी सार्वजनिक शैक्षिक गुठी अन्तर्गत विद्यालय सञ्चालन गर्न सक्नेछन् ।

(९) मातृभाषामा शिक्षा दिने विद्यालयको अनुमति सम्बन्धी व्यवस्था उपदफा (१) र (२) बमोजिम हुने छ ।

(१०) प्रचलित कानुन अनुसार स्थापना भई सञ्चालनमा रहेका विद्यालयहरु यसै ऐन बमोजिम स्थापना भएको मानिने छ ।

४. **विशेष शिक्षा, समावेशी शिक्षा तथा अनौपचारिक शैक्षिक कार्यक्रमहरू सञ्चालन सम्बन्धी व्यवस्था :** (१) नगरपालिकाले आवश्यक पूर्वाधारको व्यवस्था गरी वा गर्न लगाई कुनै विद्यालयलाई विशेष शिक्षा, समावेशी शिक्षा, दूर तथा खुला शिक्षा तथा अनौपचारिक शिक्षा सम्बन्धी विभिन्न वैकल्पिक शैक्षिक कार्यक्रमहरु सञ्चालनको व्यवस्था गर्न सक्ने छ ।

(२) विशेष शिक्षा, समावेशी शिक्षा, दूर तथा खुला शिक्षा सम्बन्धी व्यवस्था साधारण शिक्षा सरह हुने छ ।

(३) नगरपालिकाले आवश्यकता अनुसार अनौपचारिक तथा जीवनपर्यन्त, जीवनोपयोगी सीप विकास सम्बन्धी शैक्षिक कार्यक्रमहरु सञ्चालन गर्न सामुदायिक सिकाई केन्द्र लगायत मान्यता प्राप्त स्वीकृत संघ/संस्थाहरु/विद्यालय मार्फत तोकिए बमोजिम गर्न/गराउन सक्ने छ ।

(४) विद्यालयको औपचारिक शिक्षामा प्रवेश गर्ने समय भन्दा अगाडि चार बर्ष उमेर नभएका बालबालिकाको स्याहार-सुसार गर्न, सामाजिकीकरण गर्न, खेल तथा सिकाइ प्रति जिज्ञासु बनाउन, आफ्ना विचार र भावनालाई प्रष्टसँग राख्न सक्ने बनाउनका लागि कुनै विद्यालय, संघ/संस्थाले प्रारम्भिक बालशिक्षा केन्द्र, मन्टेश्वरी, नर्सरी आदि खोलि तोकिय बमोजिम संचालन गर्न सक्नेछ ।

(५) विद्यालय तहका ट्युशन, कोचिङ्ग तयारी कक्षा लगायतका कार्यक्रमहरू सञ्चालन गर्न तोकिए बमोजिम अनुमति लिनु पर्नेछ ।

५. **विद्यालय सञ्चालन सम्बन्धी व्यवस्था :** विद्यालयको सञ्चालन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुने छ ।

६. **शिक्षाको प्रकार :** (१) औपचारिक शिक्षाको प्रकार देहाय अनुसारको हुनेछ :

(क) आधारभूत शिक्षा :

(अ) साधारण शिक्षा

(आ) धार्मिक तथा परम्परागत शिक्षा

(ख) माध्यमिक शिक्षा:

(अ) साधारण शिक्षा

(आ) धार्मिक तथा परम्परागत शिक्षा

(इ) प्राविधिक तथा व्यवसायिक शिक्षा

(२) अनौपचारिक शिक्षा

(क) साधारण शिक्षा

(ख) सीपमूलक शिक्षा

(३) अनौपचारिक शिक्षालाई औपचारिक शिक्षासँग तोकिए अनुसारको कार्यविधिबाट आबद्ध गर्न सकिने छ ।

७. **शिक्षाको माध्यम :** (१) विद्यालयबाट प्रवाह हुने शिक्षाको माध्यम नेपाली भाषा, अंग्रेजी भाषा वा दुबै भाषा हुने छ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए पनि देहायको अवस्थामा विद्यालयमा शिक्षाको माध्यम निम्न बमोजिम हुने छ :

(क) बालविकास केन्द्रदेखि कक्षा पाँच सम्मको शिक्षा मातृभाषामा दिन सकिने छ ।

(ख) गैर नेपाली नागरिकले विद्यालयमा अध्ययन गर्दा निजले चाहेमा अनिवार्य नेपाली विषयको सट्टा अन्य कुनै भाषा अध्ययन गर्न सक्ने छ । उक्त व्यवस्थाका लागि विद्यालयले नगरपालिकासँग समन्वय गर्नु पर्ने छ ।

(ग) भाषा विषयको अध्यापन गराउँदा अध्ययन गर्ने भाषा नै माध्ययमको रुपमा प्रयोग हुने छ ।

८. **विद्यालयमा प्रयोग हुने पाठ्यक्रम र पाठ्यपुस्तक :**

(१) विद्यालयले संघीय सरकार, प्रदेश सरकार र नगरपालिकाबाट स्वीकृत पाठ्यक्रम, पाठ्यपुस्तक र अन्य सन्दर्भ सामग्री लागु गर्नु पर्ने छ ।

(२) पाठ्यक्रम, पाठ्यपुस्तक तथा अन्य सन्दर्भ सामग्री सम्बन्धी अन्य व्यवस्था संघीय कानून र प्रदेश कानूनमा व्यवस्था भए बमोजिम तथा तोकिए बमोजिम हुने छ ।

९. **नगर शिक्षा समिति सम्बन्धी व्यवस्था:**

(१) नगरपालिका क्षेत्रभित्र सञ्चालन भईरहेका र स्थापना हुने विद्यालयको व्यवस्थापन, रेखदेख, नियमन र समन्वय लगायतका कार्य गर्नका लागि नगर शिक्षा समिति रहने छ ।

(२) नगर शिक्षा समितिको गठन निम्न अनुसार हुने छ :

(क) प्रमुख, गैंडाकोट नगरपालिका — अध्यक्ष

(ख) प्रमुख प्रशासकीय अधिकृत सदस्य

(ग) नगर कार्यपालिकाका सदस्यहरु मध्येबाट नगर प्रमुखले तोकेको एकजना सदस्य सदस्य

(घ) सामुदायिक विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरू मध्येबाट शिक्षा समितिले मनोनित गरेको एकजना सदस्य

(ङ) सामुदायिक विद्यालयका शिक्षक र प्रधानाध्यापकहरू मध्येबाट शिक्षा समितिले मनोनित गरेको एकजना सदस्य

(च) संस्थागत विद्यालयका प्रिन्सीपलहरू मध्येबाट शिक्षा समितिले मनोनित गरेको एकजना सदस्य

(छ) सामुदायिक संस्था वा शिक्षा क्षेत्रमा क्रियाशील समाजसेवी, शिक्षाप्रेमी, बुद्धिजीवि मध्येबाट शिक्षा समितिले मनोनित गरेको एकजना महिला सहित ३ जना सदस्य

(ज) शिक्षक महासंघको नगर समितिको अध्यक्ष वा निजले तोकेको प्रतिनिधि सदस्य

(झ) नगर शिक्षा अधिकारी सदस्य सचिव

(३) शिक्षा समितिको बैठक सामन्यतया महिनामा एक पटक वस्ने छ । वैठकको निर्णय सर्वसम्मतिले गरिने छ । सर्वसम्मति नभएमा बहुमतको आधारमा हुने छ ।

(४) समितिका अध्यक्षको अनुमति लिई सदस्य सचिवले बैठक बोलाउने छ ।

(५) वैठक सञ्चालनको लागि कम्तीमा पचास प्रतिशत सदस्यको उपस्थिति आवश्यक पर्ने छ ।

(६) मनोनित सदस्यको पदावधि तीन वर्षको हुनेछ । त्यस्ता सदस्यले आफ्नो पद अनुसारको आचरण गरेको नदेखिएमा निजलाई मनोनित गर्ने निकायले जुनसुकै बखत पदबाट हटाउन सक्नेछ । तर, यसरी हटाउनु अघि निजलाई आफनो सफाई पेश गर्ने मौकाबाट बन्चित गरिने छैन ।

(७) समितिले आवश्यकता अनुसार विषय विज्ञ वा कुनै कर्मचारीलाई बैठकमा भाग लिन आमन्त्रण गर्न सक्नेछ ।

(८) बैठक सम्बन्धी अन्य विधि समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

(९) प्रचलित कानून बमोजिम अन्यत्र लेखिएका काम, कर्तव्य र अधिकारको अतिरिक्त नगर शिक्षा समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) आफ्नो नगर क्षेत्रभित्रको शैक्षिक नीति तथा योजना तयार गर्ने,

(ख) शिक्षाको पहुँच र गुणस्तर सुनिश्चितताको लागि आवश्यक स्रोत जुटाउन कार्यक्रम तथा कार्यविधि तयार गर्ने,

(ग) आफनो क्षेत्र भित्र संञ्चालन हुने विद्यालय तहको परीक्षालाई मर्यादित र व्यवस्थित बनाउन सहयोग गर्ने,

(घ) बालबालिकालाई आधारभूत शिक्षा सम्मको अध्ययन अनिवार्य रुपमा गराउन आवश्यक योजना बनाई कार्यान्वयन गर्ने/गराउने,

(ङ) विद्यालयका क्रियाकलापमा शिक्षण सिकाई वातावरणको सिर्जना, आर्थिक पारदर्शिता, जवाफदेहिता र उत्तरदायित्वको लागि शिक्षाको सामाजिक परीक्षण गर्न, स्थानीय स्रोत साधनको पहिचान र परिचालनमा विद्यालय व्यवस्थापन समितिलाई सहयोग गर्ने/गराउने,

(च) विद्यालय शिक्षा सम्बद्ध पक्षहरुको अनुगमन, मूल्याङ्कन गरी प्रोत्साहन तथा सुधारका लागि आवश्यक व्यवस्था मिलाउने,

(छ) आफ्नो क्षेत्र भित्र विशेष शिक्षा तथा समावेशी शिक्षा, गुरुकूल, मदरसा, गुम्बाबाट प्रदान गरिने शिक्षा सम्बन्धी योजना तर्जुमा गर्ने,

(ज) आफ्नो सेवा क्षेत्र भित्र पूर्व बालविकास केन्द्र/शिशु स्याहार केन्द्र, विद्यालय सञ्चालन, सामुदायिक अध्ययन केन्द्र, अनुमति, स्वीकृति, विद्यालय सार्ने, गाभ्ने लगायतका कार्य गर्ने/गराउने,

(झ) कुनै शिक्षक वा कर्मचारीलाई यस शिक्षा ऐन बमोजिम विद्यालय व्यवस्थापन समितिले कारबाही गर्न अधिकार नभएको विषयमा कारबाहीको लागि समितिको राय सहितको प्रतिवेदन प्राप्त भएमा सो उपर कार्यबाही गर्ने गराउने,

(ञ) आयोगबाट स्थायी शिक्षकको परीक्षामा उत्तीर्ण भई आउने शिक्षकको नियुक्ति तथा पदस्थापन गर्ने,

(ट) करारमा शिक्षक छनौटका लागि विषय विज्ञको सूचि प्रकाशन गर्ने,

(ठ) आवश्यक्ता र औचित्यको आधारमा शिक्षकको नगर भित्र आन्तरिक सरुवाको व्यवस्थापन गर्ने,

(ड) विद्यालय व्यवस्थापन समिति गठन र संञ्चालनमा सहजीकरण गर्ने,

(ढ) विद्यालयमा आर्थिक व्यवस्था पारदर्शी तथा सुनिश्चित गर्न वस्तुगत आधार तथा मापदण्ड बनाई लागू गर्ने,
(ण) यस शिक्षा ऐनको परिधिभित्र आवश्यक क्षेत्रहरूको मापदण्ड वनाउने,
(त) शिक्षा समितिले आफूलाई प्राप्त अधिकार मध्ये केही अधिकार शिक्षा अधिकारीलाई प्रदान गर्न सक्नेछ ।
(थ) ऐनको भावना अनुसार शिक्षा समितिको अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

१०. **परीक्षा सञ्चालन र व्यवस्थापनः** (१) माध्यमिक शिक्षाको कक्षा १०, कक्षा ११ र १२ को अन्तमा हुने परीक्षाको सञ्चालन प्रदेश र संघीय शिक्षा ऐन बमोजिम हुने छ । यसको अनुगमन तथा समन्वय गर्न नगर स्तरमा तोकिए बमोजिमको माध्यमिक तह परीक्षा सञ्चालन निर्देशक समिति रहने छ ।

(२) आधारभूत तहको अन्तमा हुने परीक्षाको सञ्चालन र व्यवस्थापनको लागि नगरमा एक आधारभूत तह शिक्षा परीक्षा समिति रहने छ ।

(३) नगर स्तरीय आधारभूत तह शिक्षा परीक्षा समितिको गठन देहाय अनुसार हुने छ :

(क) प्रमुख प्रशासकीय अधिकृत - अध्यक्ष
(ख) सामुदायिक विद्यालयहरूको आधारभूत र माध्यमिक तहको प्रतिनिधित्व हुने गरी समितिले मनोनित गरेका कम्तीमा एकजना महिला सहित जम्मा दुई जना -सदस्य
(ग) संस्थागत विद्यालयहरूको प्रधानाध्यापक मध्येबाट नगर शिक्षा समितिले मनोनयन गरेको एक जना -सदस्य
(घ) नगर शिक्षा अधिकारी -सदस्य सचिव

(४) मनोनित सदस्यको पदावधि दुई वर्षको हुनेछ ।

(५) परीक्षा समितिले सम्बन्धित विषयका विशेषज्ञ तथा कर्मचारीलाई परीक्षा समतिको बैठकमा भाग लिन आमन्त्रण गर्न सक्नेछ ।

(६) परीक्षा समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुने छ :

(क) विशिष्टिकरण तालिका, प्रश्नपत्र, कार्यतालिका, वार्षिक कार्ययोजना बनाउन सहजीकरण गर्ने,
(ख) परीक्षा केन्द्र निर्धारण गर्न, केन्द्राध्यक्ष लगायतको पारिश्रमिक तोक्न सहजीकरण गर्ने,
(ग) परीक्षालाई मर्यादित बनाउन आवश्यक मापदण्ड बनाउने तथा सहजीकरण गर्ने,
(घ) उत्तर पुस्तिका परीक्षण, परीक्षाफल प्रकाशन लगायतका कार्यमा सहजीकरण गर्ने,
(ङ) परीक्षाफलको विश्लेषण गरी अगामी सुधारका योजना बनाउने र परीक्षा सम्बन्धी अभिलेखलाई व्यवस्थित र गोप्य राख्न आवश्यक सहजीकरण गर्ने,
(च) विद्यालयस्तरमा लिइने अन्य कक्षाहरूका आवधिक परीक्षा र निरन्तर मूल्याङ्कन पद्धतिको प्रभावकारी कार्यान्वयनका लागि मापदण्ड बनाई सोको कार्यान्यनको लागि विद्यालयहरूलाई निर्देशन दिन सक्ने ।

(७) परीक्षा समितिको बैठक सम्वन्धि कार्यविधी सो परीक्षा समिति आफैंले निर्धारण गरे बमोजिम हुने छ ।

(८) परीक्षा समितिको सचिवालय शाखामा रहने छ ।

११. **शैक्षिक गुणस्तर परीक्षण सम्बन्धी व्यवस्था :** (१) विद्यालय शिक्षाको गुणस्तर परीक्षण तथा प्रबर्द्धन गर्न देहाय अनुसारको शैक्षिक गुणस्तर निर्धारण तथा प्रबर्द्धन समिति रहने छ :

(क) शिक्षा समितिको अध्यक्ष - अध्यक्ष
(ख) शिक्षा समितिले तोकेको विषय विज्ञ दुई जना - सदस्य
(ग) शिक्षा समितिले छनोट गरेको शिक्षाविद् एक जना - सदस्य
(घ) नगर शिक्षा अधिकारी - सदस्य सचिव

(२) समितिको कार्यविधि आफैले निर्धारण गरे अनुसार हुनेछ ।

(३) शैक्षिक गुणस्तर निर्धारण तथा प्रबर्द्धन समितिको काम कर्तव्य र अधिकार तोकिए बमोजिम हुने छ ।

१२. **नगर शिक्षा कोष :** अनिवार्य र निशुल्क गुणस्तरीय शिक्षाको सुनिश्चितता गर्न आवश्यक मानवीय तथा भौतिक स्रोतहरुको व्यवस्थापन तथा परिचालन गर्ने प्रयोजनका लागि तोकिए अनुसार एक नगर शिक्षा कोष स्थापना र सञ्चालन गरिनेछ ।

१३. **विद्यालय व्यवस्थापन समितिको गठन :** (१) सामुदायिक विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन गर्नका लागि प्रत्येक विद्यालयमा देहायका सदस्यहरू रहेको एक विद्यालय व्यवस्थापन समिति रहनेछ :

(क) अभिभावकहरुले आफूहरु मध्येबाट छानी पठाएका कम्तिमा दुई जना महिला सहित चार जना - सदस्य

(ख) विद्यालय रहेको सम्बन्धित वडाको वडा अध्यक्ष वा निजले मनोनित गरेको वडा समितिको एक जना सदस्य - सदस्य

(ग) विद्यालयका संस्थापक स्थानीय बुद्धिजिवी, शिक्षाप्रेमी वा विद्यालयलाई निरन्तर दश वर्ष देखि सहयोग गर्दै आएको वा विद्यालय लाई दशलाख वा सो भन्दा बढी नगद वा जिन्सी सहयोग गरेका व्यक्तिहरू मध्येबाट विद्यालय व्यवस्थापन समितिले मनोनित गरेको एक जना महिला सहित दुइ जना - सदस्य

(घ) विद्यालयका शिक्षकहरूले आफूहरू मध्येबाट छानी पठाएको एकजना शिक्षक - सदस्य

(ङ) विद्यालयको प्रधानाध्यापक - सदस्य सचिव

(२) उपदफा (१) अनुसार (क), (ख) र (ग) बाट छनोट भएका समितिका ७ जना सदस्यहरु मध्येबाट समितिले छानेको सदस्य सो समितिको अध्यक्ष हुनेछ ।

(३) बहालवाला व्यवस्थापन समितिको पदावधि एक महिना बाँकी छँदै यस दफा अनुसारका कार्य प्रारम्भ गरी पदावधि सकिएको एक हप्ता भित्र नयाँ व्यवस्थापन समितिको गठन गरी नयाँ समितिलाई पद हस्तान्तरण गर्नु पर्ने छ ।

(४) विशेष शिक्षा सञ्चालन गर्ने विद्यालयको व्यवस्थापन समितिमा कम्तीमा पचास प्रतिशत सदस्यहरू अपाङ्गता भएका विद्यार्थीका अभिभावकहरू र समावेशी वा स्रोतकक्षा सञ्चालन गर्ने विद्यालयको व्यवस्थापन समितिमा कम्तीमा एक जना सदस्य अपाङ्गता भएका विद्यार्थीका अभिभावक रहनेछन् ।

(५) प्राविधिक र व्यवसायिक विषयमा अध्यापन गराउने माध्यमिक विद्यालयको विद्यालय व्यवस्थापन समितिमा नगर उद्योग वाणिज्य संघका प्रतिनिधि थप दुईजना सदस्य रहन सक्ने छन् ।

(६) 'नगर शिक्षा अधिकारी वा अधिकृतलाई विद्यालय व्यवस्थापन समितिको बैठकमा भाग लिन आमन्त्रण गर्न सकिनेछ ।

(७) विद्यालय स्तरीय बाल क्लबले मनोनयन गरेको सोही विद्यालयको एक जना छात्र र एक जना छात्रालाई विद्यालय व्यवस्थापन समितिको बैठकमा आमन्त्रण गर्न सकिनेछ ।

(८) नयाँ व्यवस्थापन समितिको गठन भए पछि बहालवाला व्यवस्थापन समितिले बरबुझारथ सहित आवश्यक प्रक्रिया पुरा गरी एक हप्ता भित्र नयाँ व्यवस्थापन समितिलाई पदभार हस्तान्तरण गर्नु पर्नेछ ।

(९) विद्यालय व्यवस्थापन समितिको पदावधि गठन भएको मितिले ३ वर्षको हुनेछ ।

(१०) यस शिक्षा ऐन तथा प्रचलित कानुनमा अन्यत्र लेखिएका काम, कर्तव्य र अधिकारका अतिरिक्त सामुदायिक विद्यालयको विद्यालय व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) विद्यालयको सञ्चालन, चल अचल सम्पत्तिको संरक्षण, सम्बर्द्धन, रेखदेख, निरीक्षण र व्यवस्थापन गर्ने,

(ख) विद्यालयमा हुने शैक्षिक क्रियाकलापलाई व्यवहारिक, सीपमूलक र स्तरीय बनाउनका लागि चाहिने मानवीय, भौतिक, आर्थिक, शैक्षिक स्रोत जुटाउन आवश्यक व्यवस्थापन तथा पहल गर्ने,

(ग) स्थायी शिक्षक तथा नगरपालिकाबाट कामकाज गर्न खटाइएका शिक्षक तथा कर्मचारीलाई विद्यालयमा हाजिर गराउने, तालिमको लागि छनौट तथा सिफारिस गर्ने,

(घ) विद्यालयका प्रधानाध्यापकको विदा स्वीकृत गर्ने र सबै शिक्षकको विदा अद्यावधिक गराई राख्ने, शिक्षक तथा कर्मचारीहरूको हाजिरी जाँच गरी गयल हुने शिक्षक वा कर्मचारी उपर आवश्यक कारबाही गर्ने,

(ङ) शिक्षक तथा कर्मचारीहरूको सेवाको सुरक्षाको लागी पहल गर्ने र विभागीय सजायका लागि सिफारीश गरी पठाउने,

(च) विद्यालयमा सरकारी स्रोतबाट तलब भत्ता खाने शिक्षकको संख्या यस शिक्षा ऐनले तोके अनुसार नपुग भएमा र विद्यार्थी संख्या बढी भएमा विद्यालयको आन्तरिक स्रोतबाट व्यहोर्ने गरी शिक्षक तथा कर्मचारी नियुक्त गर्न नगरपालिकामा लेखी पठाउने । नगरपालिकाबाट छनोट भई आएका शिक्षक कर्मचारीलाई काममा लगाई नगरपालिकाले निर्धारण गरिदिएको तलब स्केलमा नघटाई तलव भत्ता दिने,

(छ) नेपाल सरकारबाट स्वीकृत दरवन्दीको शिक्षक तथा कर्मचारीको पद रिक्त हुन आएमा स्थायी पदपूर्तिको लागि सो पद रिक्त भएको मितिले पन्ध्र दिन भित्र शिक्षा शाखामा लेखी पठाउने,

(ज) विद्यालयको विद्यालय सुधार योजना अद्यावधिक गरी कार्यान्वयन गर्ने, शैक्षिकस्तर वृद्धिगर्न आवश्यक सामाग्री तथा शैक्षिक सामग्रीहरूको व्यवस्था गर्ने,

(झ) विद्यार्थी, शिक्षक, कर्मचारी तथा अभिभावकलाई विद्यालयको विकास तथा शैक्षिक उन्नयन, अनुसन्धानात्मक, खोजमूलक र सिर्जनात्मक क्रियाकलाप तर्फ उत्प्रेरित गर्ने व्यवस्था मिलाउने,

(ञ) विद्यालयका क्रियाकलापलाई जवाफदेही, उत्तरदायी, दक्ष तथा पारदर्शी बनाउन समुदायको सहभागितामा विभिन्न क्रियाकलापहरु सञ्चालन गर्ने,

(ट) शिक्षक तथा विद्यार्थीहरूले पालना गर्नु पर्ने आचार संहिता बनाई लागू गर्ने,
(ठ) शाखाबाट तोकिएको लेखा परीक्षकबाट लेखा परीक्षण गराउने,
(ड) प्रत्येक वर्ष विद्यालयका चन्दादाता र अभिभावकहरूको भेला गराई विद्यालयको अघिल्लो शैक्षिक वर्षको आय, व्यय तथा शैक्षिक उपलब्धि र आगामी वर्षको शैक्षिक कार्यक्रमको सम्बन्धमा जानकारी गराउने,
(ढ) विद्यालयमा लक्षित समूहका लागि विशेष प्रकृतिको शैक्षिक कार्यक्रम सञ्चालन गर्न आवश्यक देखिएमा नगरपालिका मार्फत गर्ने,
(ण) नेपाल सरकार, प्रदेश तथा नगरपालिका, शिक्षा समिति र शिक्षा शाखाले दिएको निर्देशन अनुरूप काम गर्ने,
(त) विद्यालय व्यवस्थापन समितिले आफ्नो अधिकारमध्ये आवश्यकता अनुसार केही अधिकार विद्यालय व्यवस्थापन समितिको सदस्य सचिवलाई प्रत्यायोजन गर्न सक्नेछ ।

(११) संस्थागत विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन गर्नका लागि प्रत्येक विद्यालयमा देहायका सदस्यहरू रहेको एक विद्यालय व्यवस्थापन समिति रहनेछ :

(क)	विद्यालयका संस्थापक वा लगानीकर्ताहरू वा अभिभावकहरु मध्येबाट विद्यालयको सिफारिसमा शिक्षा समितिले मनोनित गरेको व्यक्ति	अध्यक्ष
(ख)	सम्वन्धित वडाको वडा अध्यक्ष वा निजले तोकेको वडा सदस्य	सदस्य
(ग)	अभिभावकहरूले आफूहरु मध्येबाट छानी पठाएका एकजना महिला समेत दुई जना	सदस्य
(घ)	नगर शिक्षा अधिकारी वा निजले तोकेको अधिकृत प्रतिनिधि	सदस्य
(ङ)	सम्वन्धित विद्यालयका शिक्षकहरूले आफुहरू मध्येबाट छानी पठाएको एकजना	सदस्य
(च)	विद्यालयको प्रधानाध्यापक	सदस्य सचिव

(१२) उपदफा (११) अनुसारको व्यवस्थापन समितिको पदावधि ३ वर्षको हुने छ ।

(१३) संस्थागत विद्यालयको व्यवस्थापन समितिको काम कर्तव्य र अधिकार देहाय अनुसार हुने छ ।
(क) विद्यालयको सञ्चालन, रेखदेख र विद्यालय व्यवस्थापन गर्ने,
(ख) विद्यालयको सञ्चालनको शिक्षा कार्यविधि वनाई लागु गर्ने,
(ग) शिक्षक तथा कर्मचारीको सेवाको सुरक्षा गर्ने,
(घ) शिक्षकलाई नियुक्ति पत्र दिने, सरकारी स्केलमा नघट्ने गरी तलव भत्ता खुवाउने,
(ङ) शिक्षा ऐन, नियमावली तथा कार्यविधीले तोके अनुसार विद्यार्थीहरूलाई छात्रवृत्ति उपलब्ध गराउने,
(च) नगरपालिकाले तोकेको सिमा भित्र रही शुल्क निर्धारण गर्ने र कार्यान्वयन गर्ने,
(छ) शिक्षा शाखाबाट खटाई पठाएको लेखा परिक्षकबाट लेखापरीक्षण गराउने,
(ज) स्वीकृत पाठ्यक्रम र शिक्षा शाखाबाट निर्णय बमोजिमका पाठ्यपुस्तक लागु गर्ने,
(झ) जिम्मेवार पदाधिकारी र निकायबाट प्राप्त हुने सुझाव तथा निर्देशनको पालना गर्ने गराउने र आवश्यक सूचना तथा तथ्याङ्क उपलब्ध गराउने,
(ञ) स्वीकृत पाठ्यक्रम अनुसार तोकिएको समय अवधिमा नघट्ने गरी पठन पाठनको व्यवस्था गर्ने,
(ट) दफा १४ अनुसारको प्रक्रियाबाट संस्थागत विद्यालय शिक्षक अभिभावक संघ गठन गरी सो मार्फत विद्यालयको सामाजिक लेखा परीक्षण गराउने ।

१४. <u>शिक्षक अभिभावक संघ गठन सम्बन्धी</u> : (१) विद्यालयको शैक्षिक गतिविधि र गुणस्तर सम्बन्धमा सार्वजनिक लेखाजोखा गर्न तथा आर्थिक क्रियाकलापको पारदर्शिता र सार्वजनिकीकरण गर्न प्रत्येक विद्यालयका सबै शिक्षक र अभिभावकहरू सदस्य रहेका एक शिक्षक अभिभावक संघ रहनेछ ।
(२) विद्यालय व्यवस्थापन समितिले अभिभावकहरूको भेला गराई सो समितिको अध्यक्ष, प्रधानाध्यापक तथा कम्तीमा एक जना शिक्षक र ५० प्रतिशत महिला अभिभावकहरू समेत रहने गरी बढीमा एघार सदस्यीय शिक्षक अभिभावक संघको कार्य समिति गठन गर्नुपर्नेछ ।
(३) विशेष स्रोत कक्षा सञ्चालित विद्यालयमा उपदफा (२) बमोजिम शिक्षक अभिभावक संघ गठन गर्दा अपाङ्गता भएका विद्यार्थीका कम्तीमा एक जना अभिभावक हुनुपर्नेछ ।
(४) उपदफा(२) र (३) बमोजिम गठित शिक्षक अभिभावक संघको पदावधि गठन भएको मितिले तीन वर्षको हुनेछ ।
(५) उपदफा (२) बमोजिम गठित शिक्षक अभिभावक संघको बैठक तीन महिनामा कम्तिमा एकपटक अनिवार्य बस्नु पर्नेछ र सो समितिको बैठक अध्यक्षको अनुमतिमा प्रधानाध्यापकले बोलाउने छ । बैठक सम्बन्धी अन्य कार्यविधी समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

१५. <u>विद्यालय व्यवस्थापन समिति विघटन गर्न सकिने</u> : (१) तोकिएको जिम्मेवारी पुरा गर्न नसकेमा तथा पदीय आचरण विपरितका कार्य गरेको पाइएमा सोको कारण खुलाई नगर शिक्षा अधिकारीले गरेको सिफारीशका आधारमा देहायका अवस्थामा शिक्षा समितिले विद्यालय व्यवस्थापन समिति विघटन गर्न सक्नेछ ।

(क) विद्यालयको सम्पत्ति हिनामिना गरेमा,
(ख) विद्यालयको शैक्षिक वातावरण अस्तव्यस्त बनाएमा,
(ग) प्रचलित कानून तथा नेपाल सरकार, प्रदेश सरकार तथा नगरपालिकाको नीति एवम् हित विपरीत काम गरेमा,
(घ) दफा १३ को उपदफा (१२) बमोजिम काम नगरेमा,
(ङ) विद्यालयको व्यवस्थापन सन्तोषजनक रूपमा गर्न नसकेमा,
(च) सम्बन्धित निकाय वा अधिकारीले दिएको निर्देशनको पालन नगरेमा ।

तर त्यसरी विघटन गर्नु अघि विद्यालय व्यवस्थापन समितिलाई आफू विरुद्ध लागेका आरोपको खण्डन गर्ने मौका दिनु पर्ने छ ।

(२) उपदफा (१) बमोजिम विघटन भई अर्को समिति गठन नभए सम्मका लागि नगर शिक्षा समितिले एक अस्थायी विद्यालय व्यवस्थापन समिति गठन गर्न सक्नेछ । उक्त समिति गठन भएको मितिले बढीमा ६ महिनासम्म क्रियाशील रहन सक्ने छ ।

१६. **विद्यालयको सम्पत्ति सम्बन्धी व्यवस्था :** (१) विद्यालयको नाममा रहेको तथा भोग गरेको चल अचल सम्पत्तिको सुरक्षा गर्ने प्रमुख दायित्व विद्यालय व्यवस्थापन समिति र पदीय दायित्व प्रधानाध्यापकको हुनेछ ।

(२) सामुदायिक विद्यालयको नाममा रहेको चल अचल सम्पत्ति सोही विद्यालयको नाममा रहने छ ।

(३) सामुदायिक विद्यालयको हक भोगमा रहेको सम्पत्ति सार्वजनिक सम्पत्ति मानिने छ ।

(४) यस ऐन अनुसार अनुमति वा स्वीकृति रद्द गरिएको, कुनै विद्यालयमा गाभिएको, समायोजन गरिएको वा स्तर तथा तह घटाएको सामुदायिक विद्यालयको चल अचल सम्पत्तिको व्यवस्थापन नगरपालिकाले गर्ने छ ।

(५) शैक्षिक गुठी तथा सहकारीको रुपमा सञ्चालित संस्थागत विद्यालयको सम्पत्ति सोही विद्यालयको नाममा रहने छ । त्यस्तो विद्यालयको सम्पत्ति सार्वजनिक सम्पत्ति मानिने छ । यसको स्वरुप नगरपालिकाको स्वीकृति विना परिवर्तन हुने छैन ।

(६) कम्पनीको रुपमा सञ्चालित विद्यालयको सम्पत्ति कम्पनीको नाममा रहने छ ।

(७) विद्यालयले स्वदेशी वा विदेशी कुनै व्यक्ति वा संघ/संस्थासँग दान दातव्यको रुपमा कुनै किसिमको चल अचल सम्पत्ति प्राप्त गर्नु अघि नगर शिक्षा समितिबाट स्वीकृति लिनु पर्ने छ । यस्तो सम्पत्ति नगरपालिकाको स्वीकृति बेगर सट्टा पट्टा वा बेच बिखन गर्न पाइने छैन ।

(८) विद्यालयको सम्पत्ति सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुने छ ।

१७. **विद्यालयको वर्गीकरण :** विद्यालयले प्रदान गर्ने सेवाको आधारमा स्तर निर्धारण गर्न विद्यालयको शैक्षिक, भौतिक, मानवीय, आर्थिक तथा व्यवस्थापकीय आधारमा विभिन्न श्रेणीमा विभाजन गरिने छ । विद्यालयको वर्गीकरण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुने छ ।

१८. **निःशुल्क शिक्षा तथा शुल्क सम्बन्धी व्यवस्था :** (१) नगरपालिकाले निःशुल्क शिक्षा घोषणा गरेको विद्यालय शिक्षाका लागि सामुदायिक विद्यालयले विद्यार्थीबाट कुनै किसिमको शुल्क लिन पाउने छैन ।

(२) कुनै संघ संस्था वा अभिभावकले आफ्नो स्वेच्छाले सामुदायिक विद्यालयलाई दान, उपहार, चन्दा वा सहयोग दिन सक्ने छ ।

(३) सबै बालबालिकालाई आधारभूत तह सम्मको शिक्षा निःशुल्क र अनिवार्य तथा माध्यमिक तह सम्मको शिक्षा निशुल्क प्रदान गर्नको लागि आवश्यक श्रोतको व्यवस्था क्रमश गरिने छ ।

(४) फरक क्षमता भएका बालबालिकालाई उनीहरुको सिकाई अनुकूल हुने प्रविधि (ब्रेल लिपी, सांकेतिक भाषा) बाट निशुल्क शिक्षा प्रदान गरिने व्यवस्था गरिने छ ।

(५) विद्यालयले एक पटक भर्ना शुल्क लिई सकेपछि सोही विद्यालयको सोहि तहको माथिल्लो कक्षामा भर्ना गर्दा उक्त विद्यार्थीबाट पुनः भर्ना शुल्क लिन पाइने छैन ।

(६) विद्यालयले भौतिक संरचना तथा मर्मत गर्नका लागि विद्यार्थीसँग कुनै किसिमको शुल्क लिन पाइने छैन ।

(७) संस्थागत विद्यालयले विद्यार्थीसँग लिन पाउने तोकिए बमोजिमको शुल्क नगरपालिकाबाट स्वीकृति गराई निर्धारण गर्नु पर्ने छ । यसरी शुल्क निर्धारणको स्वीकृति दिँदा दफा (१७) बमोजिम वर्गीकरणको आधारमा गर्नु पर्ने छ ।

(८) संस्थागत विद्यालयले लिन पाउने शुल्क तथा शुल्क निर्धारणका आधारहरु लगायतका व्यवस्था तोकिए बमोजिम हुने छ ।

(९) कुनै विद्यालयले यस ऐन, तथा प्रचलित नियमावली, निर्देशिका, कार्यविधि तथा मापदण्ड विपरित कुनै शुल्क लिएमा तोकिएको अधिकारीले त्यस्तो शुल्क सम्बन्धित विद्यार्थीलाई फिर्ता गर्न लगाउने छ ।

(१०) यस ऐन विपरित कार्य गर्ने र विद्यार्थीसंग शुल्क लिने विद्यालयलाई नगरपालिकाले ५०,०००। सम्म जरिवाना गर्न सक्ने छ ।

१९. **विद्यार्थी प्रोत्साहन तथा छात्रवृत्ति सम्बन्धी व्यवस्था :** (१) नेपाल सरकार, प्रदेश सरकार तथा नगरपालिकाले सामुदायिक विद्यालयमा भर्ना हुने विद्यार्थीलाई तोकिए बमोजिम छात्रवृत्तिको व्यवस्था गर्न सक्ने छ ।

(२) संस्थागत विद्यालयले प्रत्येक कक्षामा अध्ययन गर्ने विद्यार्थीहरुलाई तोकिए अनुसार छात्रवृत्ति उपलब्ध गराउन पर्नेछ ।

(३) विद्यालयबाट प्रदान गरिने छात्रवृत्तिलाई व्यवस्थित गर्न छात्रवृत्ति व्यवस्थापन तथा वितरण समिति रहने छ । सो समितिको कार्यविधि तोकिए बमोजिम हुने छ ।

(४) कुनै विद्यालयमा अध्ययन गर्ने विद्यार्थीले आफ्नो सिर्जनात्मक क्षमताको उपयोग गरी कला, विज्ञान, गणित, सूचना प्रविधि तथा अन्य विधामा नयाँ खोज र अनुसन्धान गरेको भए त्यस्तो कार्य गर्ने विद्यार्थीलाई सम्बन्धित विद्यालय र शाखाको सिफारिसमा नगरपालिकाले विशेष प्रोत्साहन प्याकेज उपलब्ध गराउन सक्ने छ ।

२०. **बालबालिकालाई अनिवार्य रुपमा विद्यालयमा पठाउनु पर्ने :** (१) सबै अभिभावकले चार वर्ष उमेरका बालबालिकालाई आधारभूत शिक्षाका लागि अनिवार्य रुपमा विद्यालय पठाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम आफ्नो क्षेत्रभित्रका बालबालिकालाई विद्यालय पठाए नपठाएको सम्बन्धमा सम्बन्धित विद्यालय रहेको वडा कार्यालय, शिक्षा समिति तथा सामुदायिक विद्यालयका व्यवस्थापन समिति, प्रधानाध्यापक, शिक्षक तथा कर्मचारीले अनुगमन तथा निरीक्षण गर्नु पर्नेछ र त्यसको विवरण शिक्षा शाखामा पठाउनु पर्ने छ ।

(३) कुनै अभिभावकले उपदफा (१) बमोजिम बालबालिकालाई विद्यालयमा पठाएको नदेखिएमा त्यस्तो अभिभावकलाई सम्झाई बुझाई, विशेष सहयोग गरी त्यस्ता बालबालिकालाई विद्यालयमा पठाउन प्रेरित गर्नु पर्नेछ ।

(४) उपदफा (३)वमोजिम सम्झाई बुझाई गर्दा समेत आफ्ना बालबालिकालाई विद्यालय नपठाउने अभिभावकलाई नगरपालिकाबाट उपलब्ध हुने सबै किसिमका सेवा सुविधाबाट वञ्चित गर्न सकिने छ ।

(५) यस दफा बमोजिम सामुदायिक विद्यालयमा भर्ना भएका विद्यार्थीलाई विद्यालयले निःशुल्क अध्ययन गराउनु पर्नेछ ।

(६) विद्यालय जाने उमेर समूहका बालबालिकालाई अनिवार्य रुपमा विद्यालयमा भर्ना गराउन भर्ना अभियान तथा कार्यक्रम तर्जुमा गरी लागु गर्ने दायित्व सम्बन्धित विद्यालय तथा नगरपालिकाको हुनेछ ।

२१. **विद्यालयको कक्षा तथा धार थप गर्न, नाम परिवर्तन गर्न, सार्न, गाभ्न, समायोजन गर्न, कक्षा वा तह घटाउन वा बन्द गर्न सक्ने :** (१) नगरपालिकाले नगर शिक्षा समितिको राय लिई कक्षा थप गर्न, धार थप गर्न, एक स्थानबाट अर्को स्थानमा सार्न, दुई वा सो भन्दा बढी विद्यालय समायोजन वा गाभी एउटा विद्यालय कायम गर्न, विद्यालयको तह घटाउन सक्ने छ ।

(२) नगर शिक्षा समितिले तोकिएका पूर्वाधारको आधारमा कक्षा थप गरी सञ्चालन गर्न, नाम परिवर्तन गर्ने अनुमति तथा कक्षा घटाउन सक्ने छ ।

(३) नगरपालिकाले दुई वा सो भन्दा बढी सामुदायिक विद्यालयहरुलाई एक आपसमा गाभी वा समायोजन गरी एकिकृत आवासीय विद्यालयको रुपमा वा कुनै एउटा विद्यालयलाई छुट्टै आवासीय विद्यालयको रुपमा सञ्चालन गर्न सक्ने छ ।

(४) विद्यालयमा कक्षा तथा धार थप गर्न, नाम परिवर्तन गर्न, सार्न, गाभ्न, समायोजन गर्न, कक्षा वा तह घटाउन वा बन्द गर्ने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुने छ ।

२२. **शिक्षकको सरुवा :** (१) नगर भित्रका स्थायी शिक्षकले सरुवा हुन चाहेमा तोकिए बमोजिम निवेदन फारम भरी शाखामा निवेदन दिनु पर्ने छ ।

(२) उपदफा (१) बमोजिम निवेदन प्राप्त भएमा नगर शिक्षा अधिकारीले दरबन्दी रिक्त र विषय मिल्ने देखिएमा त्यस्तो शिक्षकलाई सरुवा गर्न सक्ने छ ।

तर त्यसरी सरुवा गर्दा निवेदक कार्यरत विद्यालयको व्यवस्थापन समिति, स्थानीय तह र सरुवा भै जाने विद्यालयको विद्यालय व्यवस्थापन समितिको सहमति सहित शिक्षा समितिको निर्णय बमोजिम गर्नु पर्ने छ ।

(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए पनि एउटै विद्यालयमा पाँच वर्ष सेवा अवधि पूरा गरेको शिक्षकलाई तोकिए बमोजिमको आधारमा आफ्ना नगर भित्रका कुनै पनि विद्यालयमा नगर शिक्षा समितिको निर्णय अनुसार सरुवा गर्न सक्ने छ ।

(४) स्थायी नियुक्ती लिएको परीक्षणकाल पूरा नगरेको शिक्षक र अनिवार्य अवकाश हुन १ वर्ष वा सो भन्दा कम अवधि बाँकी रहको शिक्षकको सामान्यता सरुवा गरिने छैन ।

(५) नगरपालिका भित्र कार्यरत कुनै स्थायी शिक्षक अन्य स्थानीय तहको विद्यालयमा सरुवा भई जान चाहेमा कार्यरत विद्यालयको विद्यालय व्यवस्थापन समितिको सहमतिमा कक्षा सञ्चालनमा बाधा नपर्ने गरी जान चाहेको स्थानीय तहको सहमतिका आधारमा नगर शिक्षा अधिकारीले सहमति दिन सक्नेछ ।

(६) नगरपालिका भित्रको कुनै विद्यालयमा शिक्षक रिक्त भई अन्य स्थानीय तहबाट सो पदमा सरुवा भई आउन चाहेमा सो विद्यालयको विद्यालय व्यवस्थापन समितिको सहमतिमा विषय र तह मिल्दो पदमा नगर शिक्षा अधिकारीले सहमति दिन सक्नेछ ।

(६) सरुवा सम्वन्धि अन्य व्यवस्था तोकिए बमोजिम हुने छ ।

२३. **शिक्षक तथा कर्मचारी छनौट समिति :** (१) सामुदायिक विद्यालयमा स्वीकृत दरवन्दीमा प्रधानाध्यापक तथा करारमा शिक्षक तथा कर्मचारी नियुक्तिका लागि सिफारिस गर्न तोकिए बमोजिमको एक छनौट समिति रहने छ ।

(२) शिक्षक सेवा आयोगले शिक्षक छनौट गर्ने सम्वन्धमा स्वीकृत दरबन्दीमा मापदण्ड निर्धारण वा कार्यविधि जारी गरेको भए शिक्षक छनौट समितिले त्यस्तो मापदण्ड वा कार्यविधिको पालना गर्नु पर्ने छ ।

(३) शिक्षक छनौट समितिको बैठक सम्बन्धि कार्यविधि सो समिति आफैले निर्माण गर्ने छ ।

२४. **विद्यालय तथा प्रारम्भिक वाल विकास केन्द्रलाई अनुदान :** (१) नगरपालिकाले सामुदयिक विद्यालयहरुलाई देहायको आधारमा अनुदानको बाँडफाँड गर्ने छ ।

क) विद्यालयको विद्यार्थी संख्या
ख) विद्यालयको शिक्षक संख्या
ग) विद्यालयको सिकाई उपलब्धी
घ) विद्यालयको आर्थिक अवस्था
ङ) विद्यालयको भौगोलिक अवस्था

(२) नगरपालिकाको अनुमतिमा सामुदायिक स्तरमा खोलिएका प्रारम्भिक वालविकास केन्द्रलाई तोकिए बमोजिम नगरपालिकाले अनुदान दिन सक्ने छ ।

(३) विद्यालयले प्राप्त गरेको अनुदान रकम जुन कामका लागि खर्च गर्न निकासा भएको हो सोही शिर्षकमा विद्यालय व्यवस्थापन समितिको निर्णयानुसार खर्च गर्नु पर्ने छ ।

(४) यस ऐन प्रारम्भ हुँदाका बखत सामुदायिक विद्यालयलाई दिदैं आएको अनुदान रकममा कटौती गरिने छैन । तर कुनै विद्यालयले तोकिएको शैक्षिक स्तर कायम गर्न नसकेमा, विद्यार्थी संख्या घटेमा, विद्यालयको तह वा कक्षा घटेकोमा वा समायोजन भएमा त्यस्तो विद्यालयलाई दिदैं आएको अनुदान रकममा कटौती गर्न कुनै बाधा पर्ने छैन ।

(५) विद्यालयमा जुनसुकै सरकारी, गैर सरकारी, सामाजिक संघ/संस्था वा व्यक्तिबाट प्राप्त हुन आएको रकम विद्यालयमा सञ्चित कोष खडा गरी आम्दानी बाँधिने छ । विद्यालयमा हुने सम्पूर्ण खर्चहरुको लागि उक्त कोषबाट निकासा गर्न सकिने छ ।

२५. **साझेदारीमा विद्यालय सञ्चालन गर्न सक्ने :** (१) नगरपालिकाले सामुदायिक विद्यालय र सार्वजनिक गुठी अर्न्तगत सञ्चालित विद्यालयहरु विच साझेदारीमा विद्यालय सञ्चालन गराउन सक्ने छ ।

(२) नगरपालिकाले आवासीय विद्यालय संचालन गर्न आवश्यक व्यवस्था गर्न सक्नेछ ।

(३) उपदफा १ र २ बमोजिमका विद्यालयको रेखदेख र सञ्चालन गर्नको लागि व्यवस्थापन समिति गठन, काम कर्तव्य र अधिकार एवं साझेदारीका तरिका तथा अन्य व्यवस्था तोकिए बमोजिम हुने छ ।

२६. **सामुदायिक सिकाई केन्द्र सञ्चालन गर्न सक्ने :** (१) नगरपालिकाले समुदायमा साक्षरता, सीप विकास, निरन्तर सिकाई र पुस्तकालय व्यवस्थापन समेतको काम गर्न सामुदायिक सिकाई केन्द्र सञ्चालन गर्न सक्ने छ ।

(२) सामुदायिक सिकाई केन्द्र एक वडामा एक भन्दा बढी हुने छैन ,

(३) सामुदायिक सिकाई केन्द्र सम्बन्धि अन्य व्यवस्था तोकिए बमोजिम हुने छ ।

२७. **निर्देशन दिन सक्ने :** (१) नगर कार्यपालिकाले आवश्यकता अनुसार नगर शिक्षा समिति र विद्यालय व्यवस्थापन समितिलाई निर्देशन दिन सक्ने छ ।

(२) उपदफा (१) बमोजिम दिइएको निर्देशनको पालना गर्नु नगर शिक्षा समिति र विद्यालय व्यवस्थापन समितिको कर्तव्य हुने छ ।

२८. **अनुमति वा स्वीकृत रद्द गर्ने :** कुनै विद्यालयले यो ऐन अन्तर्गत बनेका नियमावली, निर्देशिका, कार्यविधि, मापदण्ड वा नगरपालिकाले दिएको निर्देशन विपरीत काम गरेमा त्यस्ता विद्यालयलाई प्रदान गरिएको अनुमति वा स्वीकृती नगरपालिकाले रद्द गर्ने छ ।

२९. **विद्यालयलाई शान्ति क्षेत्र र सुरक्षित क्षेत्रको रुपमा कायम गर्नु पर्ने :** (१) विद्यालयमा स्वतन्त्र र भय रहित रुपमा सिकाईलाई सहजीकरण गर्ने वातावरण सिर्जना गर्न तथा विद्यालय भित्र कुनै पनि किसिमको अवान्छित कृयाकलाप हुन नदिने गरी विद्यालयलाई शान्ति र सुरक्षित क्षेत्र कायम गर्नु पर्ने छ ।

(२) उपदफा (१) बमोजिम विद्यालयलाई शान्ति र सुरक्षित क्षेत्र कायम सम्वन्धि अन्य व्यवस्था तोकिए बमोजिम हुने छ ।

३०. **वालवालिकालाई शारीरिक वा मानसिक दुर्व्यवाहार गर्न नहुने :** विद्यालयमा अध्ययनरत वालवालिकालाई सुरक्षित तवरले अध्ययनको व्यवस्था मिलाउनु पर्ने छ । शारीरिक, मानसिक यातना दिन वा दुर्व्यवहार गर्न पाईने छैन, गरेमा यस्तो कार्य गर्ने वा गर्न लगाउने व्यक्ति दण्डनीय हुने छ ।

३१. **शिक्षक वा कर्मचारीको पदीय आचरण :** (१) शिक्षकहरु उच्च आदर्श र सेवा भावले प्रेरित भई सिकाई सहजीकरण कार्यमा संलग्न हुनु पर्ने छ ।

(२) शिक्षक तथा कर्मचारीहरुका लागि आचार संहिता तोकिने छ । तोकिएका आचार संहिताको पालना गर्नु शिक्षक तथा कर्मचारीको कर्तव्य हुने छ ।

(३) तोकिएको आचार संहिताको पालना नगरेमा एवं देहायको अवस्थामा शिक्षक तथा कर्मचारीलाई पदमुक्त गरिने छः

(क) पदीय दायित्व पुरा नगरेमा,

(ख) बिना सूचना लगातार १५ दिन विद्यालयमा अनुपस्थित रहेमा,

(ग) विद्यालयमा मादक पदार्थ सेवन गरी आएको प्रमाणित भएमा,

(घ) नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा अदालतबाट सजायँ पाएमा,

(ङ) सामुदायिक विद्यालयका शिक्षक वा कर्मचारीले कार्यालय समयमा अन्यत्र अध्यापन वा काम गरेमा,

(च) शिक्षक वा कर्मचारी कुनै राजनैतिक दलको कार्यकारिणी समितिको पदाधीकारी रहेको पाईएमा,

यस खण्डको प्रयोजनका लागि कार्यकारिणी समिति भन्नाले राजनैतिक दलको विधान बमोजिम गठित केन्द्रिय, प्रदेश, जिल्ला र स्थानीय स्तरका कार्यकारिणी समितिलाई सम्झनु पर्ने छ ।

३२. **शिक्षकलाई अन्य काममा लगाउन नहुने :** (१) सामुदायिक विद्यालयको शिक्षकलाई शिक्षा प्रदान गर्ने र विद्यालयको प्रशासनिक व्यवस्थापन सम्वन्धित काममा वाहेक अन्य काममा लगाउन पाईने छैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि विद्यालयको पठन पाठनमा बाधा नपुग्ने गरी राष्ट्रिय जनगणना, निर्वाचन सम्वन्धि काम, प्राकृतिक प्रकोपको उद्धार वा नेपाल सरकार र नगरपालिकाले तोकेको अन्य काममा भने खटाउन सकिने छ ।

३३. **तलब भत्ता नपाउने र सेवा अवधी गणना नहुने :** नियमानुसार विदा वा काज स्वीकृत गराई वसेको अवस्थामा बाहेक विद्यालयमा अनुपस्थित रहेको शिक्षक वा कर्मचारीले अनुपस्थित अवधीको तलब भत्ता पाउने छैन र त्यस्तो अवधी निजको सेवामा गणना पनि हुने छैन ।

३४. **स्थायी आवसिय अनुमति लिन नहुने :** सामुदायिक विद्यालयमा कार्यरत शिक्षक वा कर्मचारीले अन्य देशको स्थायी आवासीय अनुमति लिन वा त्यस्तो अनुमति प्राप्त गर्नका लागि आवेदन दिन हुंदैन । यो दफा प्रारम्भ हुनु अघि कसैले स्थायी आवासीय अनुमति लिएको वा त्यस्तो अनुमति प्राप्त गर्नका लागि आवेदन गरेको भए त्यस्तो शिक्षक वा कर्मचारीलाई भविष्यमा सरकारी सेवाको लागि अयोग्य नठहरिने गरी सेवाबाट बर्खास्त गरिनेछ ।

३५. **शिक्षक विद्यार्थी अनुपात, दरबन्दी मिलान र थप शिक्षक सहायता :** शिक्षक विद्यार्थी अनुपात, दरबन्दी मिलान र थप शिक्षक सहायता तोकिए बमोजिम हुने छ ।

३६. **ट्युसन, कोचिङ जस्ता विद्यालय बाहिर हुने अध्यापन सेवा सञ्चालन सम्वन्धि व्यवस्था :** ट्युसन, कोचिङ, भाषा शिक्षण कोर्स, पूर्व तयारी कक्षा लगाएतका सेवा सञ्चालन गर्न नगरपालिकाबाट अनुमति लिनु पर्ने छ । उक्त सेवा सञ्चालन सम्वन्धि अन्य व्यवस्था तोकिए बमोजिम हुने छ ।

३७. नियम बनाउने अधिकार : यस ऐनको उद्देश्य कार्यान्वयन गर्न र ऐनको अधीनमा रही कार्यपालिकाले देहायका विषयका अतिरिक्त आवश्यक अन्य विषयमा नियमावली, निर्देशिका, कार्यविधि र मापदण्ड बनाउन सक्ने छ ।

(क) विद्यार्थीलाई लाग्ने शुल्क निर्धारणका आधारहरु
(ख) विद्यालयको छात्रवृत्ति
(ग) विद्यालयलाई दिइने अनुदान
(घ) प्राविधिक तथा व्यवसायिक शिक्षा सञ्चालन र व्यवस्थापन
(ङ) विद्यार्थी सिकाई उपलब्धीको परीक्षण र मूल्यांकन
(च) विद्यार्थी शिक्षक अनुपात र दरबन्दी मिलान
(छ) विद्यालय नक्सांकन र समायोजन
(ज) प्रति विद्यार्थी लागतका आधारमा शिक्षक सहयोग
(झ) माध्यमिक तहको कक्षा ११ र १२ मा शिक्षकको व्यवस्थापन
(ञ) प्रारम्भिक वाल विकास केन्द्रको व्यवस्थापन
(ट) विद्यालयको सह तथा अतिरिक्त कृयाकलाप र कार्यक्रमको व्यवस्थापन
(ठ) विद्यालयको सम्पत्तिको सुरक्षा
(ड) विद्यालयको नामाकरण
(ढ) विद्यालयमा छात्रवास सञ्चालन सम्वन्धि व्यवस्था
(ण) विद्यालयको पाठ्यक्रम, पाठ्यपुस्तक र सन्दर्भ सामग्री
(त) विशेष तथा समावेशी शिक्षा
(थ) अनौपचारिक तथा निरन्तर शिक्षा
(द) दूर तथा खुला शिक्षा
(ध) नगर शिक्षा कोष
(न) विद्यालयको कोष
(प) विद्यालयको पुस्तकालय र वाचनालय
(फ) ट्यूसन, कोचिङ, शैक्षिक परामर्श, भाषा शिक्षण जस्ता विद्यालय बाहिर हुने अध्यापन सेवा
(ब) शिक्षक तथा विद्यार्थीको आचार संहिता
(भ) विद्यार्थी सल्लाह तथा निर्देशन सेवा
(म) शिक्षक तथा विद्यालय व्यवस्थापन तालिम
(य) प्रधानाध्यापक नियुक्तिका लागि आवश्यक योग्यता, काम कर्तव्य, अधिकार र सुविधा
(र) विद्यालयको परीक्षा
(ल) अभिभावक शिक्षा
(व) विद्यालयको झण्डा, चिन्ह र प्रार्थना
(श) शिक्षाको गुणस्तर परिक्षण तथा प्रबर्द्धन

३८. बाधा अड्काउ हटाउने अधिकार :
यस ऐनको कार्यान्वयनमा बाधा अट्काउ परेमा नगर कार्यपालिकाले आवश्यक आदेश जारी गर्ने छ ।

३९. बचाउ र लागु नहुने :
१) यस ऐन अन्तर्गत दफामा लेखिएका कुराहरु यसै ऐन बमोजिम हुने र यसमा नलेखिएका कुराहरु प्रचलित नेपाल सरकारको कानुन बमोजिम हुने छ ।
२) यस ऐन अन्तर्गत उल्लेखित कुनै विषय संघिय कानुन र प्रदेश कानुन सँग बाझिएमा बाझिएको हद सम्म अमान्य हुने छ ।

आज्ञाले,

मुक्तिराम रिजाल

प्रमुख प्रशासकीय अधिकृत